"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मितिः २०७८।०१।१४

## महालक्ष्मी नगरपालिकाको सूचना

कोभिड-१९ को दोस्रो भेरियन्टको सङ्क्रमण भयावह हुने अवस्था देखिएको हुँदा नेपाल सरकारले अर्को आदेश जारी गरेको अवस्थामा सोही बमोजिम हुनेगरी नगरबासी दाजुभाई तथा दिदीबहिनीहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी महालक्ष्मी नगरकार्यपालिकाको मिति २०७८।०१।१३ गतेको बैठकबाट मिति २०७८।०१।१५ गते देखि अर्को सूचना प्रकाशित नभए सम्मका लागि तपसिल बमोजिम गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. नगरपालिका भित्रका सबै शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) बन्द गर्ने ।
२. सबै प्रकारका सभा,सम्मेलन,प्रदर्शन, भेला, गोष्ठी, तालिम, सेमिनार आयोजना नगर्ने/नगराउनु हुन
३. स्विमिङ पुल, जिमखाना,हेल्थ क्लब जस्ता व्यवसाय सञ्चालन नगर्ने/नगराउनु हुन
४. मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक एवम् सांस्कृतिक स्थलमा भिडभाड नगर्ने/नगराउनु हुन
५. पार्टी प्यालेसहरुमा १५ जनाभन्दा बढी सहभागी हुने गरी वैवाहिक कार्यक्रम, भोजभतेर आयोजना नगर्ने/नगराउनु हुन
६. सपिङ मल,डिपार्मेन्टल स्टोर, ग्रोसरी सञ्चालन गर्दा भिडभाड नहुने गरी नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी सञ्चालन गर्नुहुन
७. नगरपालिकाको विकास निर्माणका कार्य गर्दा कामदारहरुको स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाइ भौतिक दुरी कायम गरी गर्नु हुन

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np